# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल

प.सं. २०७८/०७९
च नं. ९८५८

मितिः २०७८।१०।०९

विषय: अत्यावश्यक वाहेकका सेवाहरू वन्द गरिएको वारे सूचना ।

नगरभित्र कोभिड संकमणको दर तीव्र गतिमा फैलिइ रहेको साथै धेरै स्वास्थ्यकर्मीहरु संकमित भएका हुँदा कोभिड नियन्त्रण तथा स्वास्थ्यकर्मीहरुको सुरक्षा समेतलाई ध्यान दिइ नगर स्तरीय कोभिड संकट व्यवस्थापन समितीको मिति २०७८।१०।०६ गतेको सिफारिश वमोजिम तपसिल वमोजिम गर्ने निर्णय भएको हुँदा यो सूचना गरिएको छ ।

क) शनिश्चरे अस्पतालमा स्वास्थ्य विमाका नियमित औषधी सेवन गर्ने तथा पाँच वर्ष मुनिका वालवालिकाको लागि मात्र वहिरंग सेवा नियमित रुपमा सञ्चालन गर्ने ।
ख) अर्जुनधारा नगरपालिका वडा नं. ७ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा विहान ७:३० वाट ९:३० सम्म कोभिड स्किनिङ्ग सेवा दिई स्वास्थ्यकर्मीबाट सिफारिश गरिएका सम्भाव्य कोभिड केशहरुलाई मात्र एण्टिजिन परीक्षणको व्यवस्था गर्ने, एण्टिजिन परीक्षण गरेको दिन वडा कार्यालय ११:०० वाट सञ्चालन गर्ने, यस सम्बन्धि विस्तृत सूचना नगर कार्यपालिकाले आवश्यक तयारी पूरा गरे पश्चात जारी गर्ने ।
ग) खुदुनावारी स्वास्थ्य चौकीमा स्वास्थ्य मापदण्डको पालना गरी न्युनत्तम स्वास्थ्यकर्मी उपस्थित भई नियमित सेवा प्रवाह गर्ने ।
घ) अन्य स्थानीय स्वास्थ्य संस्थाका न्युनत्तम स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरुलाई उल्लेखित तीन वटा स्वास्थ्य संस्थामा रोष्टर वनाइ २०७८ साल माघ १० गतेबाट स्वास्थ्य शाखाले परिचालन गर्ने ।

ङ) नगर कार्यपालिका, वडा कार्यालय तथा अन्य विषयगत सेवा केन्द्रहरुमा न्युनत्तम सेवा प्रदायक उपस्थित भई अत्यावश्यक सेवा प्रवाहलाई निरन्तरता दिने, अत्यावश्यक सेवा वाहेकका सेवाहरु २०७८।१०।१४ गते सम्मको लागि वन्द गर्ने, साथै सम्पुर्ण शाखाहरुले सेवाग्राहीहरुलाई झ्यालबाट नै सेवा प्रवाह गर्ने ।

कोभिड १९ को ओमिकोन भेरिएण्ट सहितको तेस्रो लहर अत्यन्त संकामक हुने विज्ञहरुबाट जानकारी गराइएको हुँदा उच्च संकमणलाई ध्यान दिई जनस्वास्थ्यका मापदण्डहरुलाई नि:शर्त पालना गर्न तथा कोभिड विरुद्ध आवश्यक सचेतीकरणका कार्यकम गर्ने कार्यलाई अभियानको रुपमा अगाडि वढाउँन सम्बन्धित सरोकारवाला तथा आम नगरवासीहरुलाई अर्जुनधारा नगरपालिका हार्दिक अनुरोध गर्दछ।

०९।१०।२०७८
हरी कुमार राना मगर
नगर प्रमुख

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np